# प्रवेश परीक्षामा सामेल हुने परीक्षार्थीहरूले पालना गर्नुपर्ने नियमहरू :

१ प्रवेश पत्र **कलर प्रिन्ट (Color Print)** गरेको हुनुपर्नेछ । प्रवेश पत्रको साथै आफूलाई परिचय गराउने फोटो सहितको सक्कल प्रमाणपत्र (जस्तै : **नागरिकताको प्रमाण-पत्र, सवारी चालक अनुमती पत्र, पासपोर्ट, I.Sc/10+2/Engg. Diploma को अन्तिम बर्षको प्रवेश पत्र**) अनिवार्य रूपमा साथमा ल्याउनुपर्नेछ । यी कागजात विना परीक्षामा सम्मिलित गराइने छैन । साथै परीक्षार्थीहरुले साथमा **Pen, Pencil, Eraser र Non-Programmable Calculator मात्र ल्याउन पाइने छ** । यस बाहेकका अन्य सामानहरु जस्तै **मोवाइल फोन, झोला, वालेट, पुस्तक, नोट, चिट, Purse, Programmable Calculator** लगायत कुनै पनि **Smart Item** हरु परीक्षा हलमा ल्याउन निषेध गरिएको छ ।

२ परीक्षा शुरू भएको ३० मिनेट पछि आइपुग्ने परीक्षार्थीलाई परीक्षामा सामेल गराइनेछैन । परीक्षा सुरू भएको १ घण्टा भन्दा पहिले परीक्षार्थीले परीक्षा हल छाड्न पाइनेछैन ।

३ तोकिएको समयमा परीक्षा हलमा प्रवेश गरी निर्दिष्ट स्थानमा बसी परीक्षा दिनुपर्नेछ । तोकिएको मिति तथा शिफ्ट भन्दा बाहेक अन्य मिति तथा शिफ्टमा परीक्षा दिन पाइनेछैन ।

४ कम्प्युटर विधिबाट परीक्षा दिनका लागि परीक्षार्थीले उक्त दिन तथा शिफ्ट मा उपलब्ध हुने **User Id** र **Password** राखी **System** मा **Log in** गर्नुपर्नेछ ।

५ परीक्षा सुरू गर्ने निर्देशन पश्चात कम्प्युटरमा दिइएका प्रश्नका **Option** हरू मध्ये कुनै एक उपयुक्त उत्तरमा **Mouse** द्वारा **Click** गरी उत्तर छनौट गर्न सकिनेछ । **Key Board प्रयोग गर्न पाइनेछैन** ।

६ उत्तर गलत भएमा अन्तिम **Submit** नगरेसम्म परीक्षा समयावधि भित्र उत्तरहरू परिवर्तन गर्न सकिनेछ, तर एक पटक उत्तर छनौट गरिसकेपछि कुनै न कुनै उत्तर छनौट गर्नु नै पर्नेछ । प्रत्येक गलत उत्तरको लागि **१0% Negative Marking** हुनेछ ।

७ सवै प्रश्नहरूको उत्तर निर्दिष्ट समय अगावै सकिएमा अन्तिम पेजको **Submit Button Press गरी Submit** गर्न सकिनेछ । **Submit भै सकेपछि पुन: Log in गर्न सकिने छैन ।**

८ निर्दिष्ट समयभित्र परीक्षार्थी आफैले उत्तरहरू **Submit** नगरेमा समय समाप्त भए पश्चात दिइएको उत्तरहरू आफै **Submit** हुनेछन ।

९ परीक्षार्थीलाई दिइएको निर्देशन बाहेक कम्प्युटरमा अन्य कार्य गर्न निषेध छ र यसको अवज्ञा गरेमा नियमानुसार कारवाही गरिनेछ ।

१० परीक्षार्थीले परीक्षा दिंदा आपसमा कुराकानी गर्न पाईनेछैन । साथै अन्य परीक्षार्थीको ***कम्प्युटर स्क्रिन (Computer Screen) मा हेर्न पाइने छैन ।***

११ कारणवश परीक्षा दिइरहदा कम्प्युटरमा कुनै प्राविधिक समस्या भएमा हात उठाएर निरीक्षकलाई सो को जानकारी दिनुपर्नेछ ।

१२ परीक्षार्थीलाई प्रदान गरिएका निर्देशनहरू पालना नगर्दा उत्पन्न हुन सक्ने समस्याहरूको जिम्मेवारी परीक्षार्थी स्वयम्को हुनेछ ।